परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १२० पृष्ठ ४ २०८२ फागुन ०७ गते, विहिबार 19 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




### जनकपुरधाममा कांग्रेसको प्रतिज्ञा सभा :

# परिवर्तनको संकल्प दोहोऱ्याउँदै थापा



● टक नेपाल

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले देशको वर्तमान अवस्था रूपान्तरण गर्ने स्पष्ट दृष्टिकोण र अटल प्रतिबद्धतासहित पार्टी निर्वाचनमा उत्रिएको बताउनुभएको छ। जनकपुरधाममा बुधबार आयोजित 'प्रतिज्ञा सभा'लाई सम्बोधन गर्दै उहाँले पुरानो राजनीतिक कार्यशैली र विकासको ढाँचामा सुधार ल्याएर मुलुकलाई नयाँ दिशातर्फ अघि बढाउने उद्घोष गर्नुभयो।

उहाँले पार्टीका उम्मेदवारहरूलाई मत मात्र होइन, जनताको भरोसा जित्न आग्रह गर्दै मधेश प्रदेशलाई फेरि अन्नको भण्डार र ज्ञानको केन्द्रका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। घोषणापत्रमा उल्लेख गरिएका प्रत्येक बुँदा अक्षरशः कार्यान्वयन गरिने बताउँदै उहाँले मधेशबाट 'स्वर्णिम पाँच वर्ष'को अभियान सुरु गरेको उल्लेख गर्नुभयो। साथै, महेन्द्रनारायण निधि र सहिद दुर्गानन्द झालगायतका व्यक्तित्वहरूको बलिदान स्मरण गर्दै उनीहरूको सपना साकार पार्ने वाचा गर्नुभयो

थापाले मधेशमा गणित र विज्ञान शिक्षाको गुणस्तर उकास्ने विशेष कार्यक्रम ल्याइने, एक रुपैयाँ पनि तिर्नु नपर्ने स्वास्थ्य बिमा प्रणाली विकास गरिने तथा विदेशमा श्रम गरेर कमाएको रकम उपचारमै सकिनुपर्ने बाध्यता अन्त्य गरिने बताउनुभयो। 'किसानको दशक' घोषणा गर्दै कृषकलाई केन्द्रमा राखेर नीति ल्याइने र वैदेशिक रोजगारीमा रहेका युवाको दूतावासमार्फत संरक्षण गर्दै स्वदेश फर्किएपछि उद्यमी बन्ने वातावरण तयार गरिने योजना पनि सार्वजनिक गर्नुभयो।

'टिम नेपाल'को अवधारणा प्रस्तुत गर्दै उहाँले कुशासन, गरिबी र बेरोजगारी हटाउने लक्ष्यसहित समन्वित प्रयास अघि बढाइने स्पष्ट पार्नुभयो। राजा जनक र भगवान् रामको प्रसंग स्मरण गर्दै आगामी यात्रा प्रतिज्ञा र प्रतिबद्धतामा आधारित हुने धारणा राख्नुभयो।

**सक्षम नेतृत्वको आवश्यकता**

उपसभापति विश्वप्रकाश शर्माले प्रतिनिधि सभा चुनावमा जित-हारभन्दा पनि देश सम्हाल्न सक्ने क्षमता महत्त्वपूर्ण हुने बताउनुभयो। मतदातालाई योग्य र जिम्मेवार नेतृत्व रोज्न आग्रह गर्दै सक्षम हातमा शासन सुम्पिनुपर्ने धारणा राख्नुभयो।

अर्की उपसभापति पुष्पा भुसालले देशले रूपान्तरण र समृद्धिको स्पष्ट खाका खोजिरहेको बताउँदै युवालाई स्वदेशमै रोजगारी उपलब्ध गराउनु राज्यको प्रमुख जिम्मेवारी भएको उल्लेख गर्नुभयो। कांग्रेसले प्रधानमन्त्री पदका लागि सभापति थापालाई अघि सारेको र नयाँ अभियान सुरु भएको जानकारी दिनुभयो।

**मधेश विकासमा जोड**

मधेश प्रदेशका सभापति तथा मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेश कांग्रेसको ऐतिहासिक आधार क्षेत्र रहेको उल्लेख गर्दै पार्टीप्रति जनविश्वास बलियो बन्दै गएको दाबी गर्नुभयो। प्रदेश सरकार विकास निर्माणका काममा तीव्र रूपमा सक्रिय रहेको जानकारी दिँदै 'रामायण सर्किट'मार्फत पर्यटकीय सम्भावना उजागर गरिने योजना रहेको बताउनुभयो। कार्यक्रममा मधेशका ३२ वटै निर्वाचन क्षेत्रका उम्मेदवार, केन्द्रीय सदस्य तथा प्रदेशस्तरीय नेता-कार्यकर्ताको सहभागिता थियो।

**प्रतिज्ञापत्रमा खुला प्रश्नोत्तर**

यसैबीच, कांग्रेसले प्रतिज्ञापत्रका विषयमा उठेका जिज्ञासालाई सम्बोधन गर्न खुला अन्तरक्रिया कार्यक्रम गर्ने भएको छ। सभापति थापाले बिहीबार काठमाडौंस्थित राष्ट्रिय सभागृहमा 'हाम्रो प्रतिज्ञा-तपाईंको प्रश्न' शीर्षकको कार्यक्रममा सहभागी भई प्रत्यक्ष प्रश्नहरूको जवाफ दिनुहुने कार्यक्रम तय गरिएको छ।

## मधेशको राजधानीबाट कांग्रेसले ल्यायो चुनावी प्रतिज्ञापत्र

*नेपाली कांग्रेसको चुनावी 'प्रतिज्ञापत्र' सार्वजनिक भएको छ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बुधबार जनकपुरधाममा आयोजित विशेष कार्यक्रममा प्रतिज्ञापत्र सार्वजनिक गर्नुभएको हो ।*

*सभापति थापाको प्रमुख आतिथ्यमा मधेश प्रदेशको राजधानी जनकपुरधामबाट पहिलो पटक चुनावी सभा गरेर कांग्रेसले प्रतिज्ञापत्र सार्वजनिक गरेको हो । आगामी निर्वाचनलाई लक्षित गरी ल्याइएको उक्त प्रतिज्ञापत्रमा मधेशको समृद्धि, समावेशिता र आर्थिक विकासका एजेन्डालाई प्राथमिकता दिइएको छ ।*

*नेपाली कांग्रेसले आगामी निर्वाचनका लागि १० बुँदे 'भिजन' सहितको प्रतिज्ञापत्र सार्वजनिक गरेको हो । पार्टी सभापति थापा, उपसभापति एवं निर्वाचन परिचालन समितिका संयोजक विश्वप्रकाश शर्मा, उपसभापति पुष्पा भुसाल र मधेश प्रदेशका सभापतिसहितका नेताको उपस्थितिमा जनकपुरधाम सभामा उक्त प्रतिज्ञापत्र सार्वजनिक गरिएको हो ।*

### प्रतिज्ञापत्रका १० बुँदा

- *सम्मानित भएर बाँच्न पाउने नेपाल*
- *सपना देख्न सक्ने नेपाल*
- *सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल*
- *पेटभरि खुवाउने र देशलाई चिनाउने किसानको नेपाल*
- *ओखती र ओत दिने नेपाल*
- *छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल*
- *बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल*
- *मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल*
- *विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल*
- *समुन्नतिमा लम्किने नेपाल*

☛ विज्ञापन गानुपेमा
☛ ९८६३३२११४
☛ ९८०८७८२११४

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

**सम्पादकीय**

## युवा चेतको परीक्षणको घडी

नेपालको राजनीतिक यात्रामा निर्वाचन नौलो घटना होइन। तर फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा निर्वाचन विशिष्ट सन्दर्भमा उभिएको छ । भ्रष्टाचार, बेरोजगारी र दण्डहीनताप्रति बढ्दो असन्तुष्टिका बीच भदौ २३-२४ मा देखिएको जेनजी विद्रोहले युवा पुस्ताको मनोविज्ञान उजागर गऱ्यो । शान्तिपूर्ण रूपमा व्यक्त त्यो आवाज केवल आक्रोश थिएन, सुशासन र उत्तरदायित्वको स्पष्ट माग थियो ।नेपालको जनसंख्यामा युवाको हिस्सा सबैभन्दा ठूलो छ। तर नीति निर्माण र नेतृत्व तहमा उनीहरूको प्रभाव न्यून रहँदै आएको यथार्थले विश्वासको संकट निम्त्याएको छ । लाखौं युवाको विदेश पलायन र अवसरको अभावले राजनीतिक व्यवस्थामाथि प्रश्नचिह्न खडा गरेको छ । यही पृष्ठभूमिमा हुन लागेको निर्वाचनलाई परम्परागत औपचारिकता मात्र ठान्न मिल्दैन ।

अब प्रश्न कसले जित्छ भन्ने होइन, कसले सुशासन दिन सक्छ भन्ने हो । घोषणापत्रका आकर्षक शब्दभन्दा पनि दलहरूको आन्तरिक लोकतन्त्र, युवा र महिला सहभागिता, उत्पादनमुखी अर्थनीति तथा शिक्षा-स्वास्थ्यप्रतिको प्रतिबद्धता महत्वपूर्ण हुनेछ ।

फागुन २१ को निर्वाचन मूलतः युवा चेतको ऐतिहासिक परीक्षा हो । सडकमा उठेको प्रश्नलाई मतपेटिकामार्फत समाधानतर्फ लैजान सकिए लोकतन्त्रले नयाँ ऊर्जा पाउनेछ ।

### महोत्तरी-१ मा बहुकोणीय प्रतिस्पर्धा

# विकास र विश्वासको एजेन्डामा चुनावी मैदान तात्यो



• टक नेपाल

आसन्न प्रतिनिधिसभा निर्वाचनको औपचारिक प्रचार सुरु भएसँगै महोत्तरी क्षेत्र नम्बर १ मा चुनावी गतिविधि तीव्र बनेका छन्। यसपटक कुनै गठबन्धन नभएकाले प्रतिस्पर्धा बहुकोणीय हुने देखिएको छ भने परम्परागत मत समीकरणमा फेरबदल आउने आँकलन गरिएको छ। दुई निर्वाचनपछि नेपाली कांग्रेसले आफ्नै उम्मेदवार उठाएकाले मतदाताको धारणा कता मोडिन्छ भन्ने चासो बढेको छ।

यस निर्वाचन क्षेत्रमा कुल १ लाख ५ हजार ६४६ मतदाता रहेका छन्। १३ राजनीतिक दलका र १२ स्वतन्त्र गरी २५ जना उम्मेदवार मैदानमा छन्, जसमा पाँच महिला उम्मेदवार पनि सहभागी छन्। विकास पूर्वाधार, रोजगारी सिर्जना, कृषि र सिँचाइ व्यवस्थापन, स्वास्थ्य सेवा तथा शिक्षा सुधार यहाँका मुख्य चुनावी मुद्दा बनेका छन्।

मधेश प्रदेशमा देखिएको राजनीतिक असन्तुष्टि, पहिचानसम्बन्धी बहस र विकासप्रतिको निराशाले यो क्षेत्रलाई पनि प्रभावित पारेको छ। संघीय व्यवस्था लागू भएपछिसमेत सेवा प्रवाह, सुशासन र रोजगारीमा अपेक्षित सुधार नभएको गुनासो बढ्दो छ। विशेषगरी युवापुस्तामा परम्परागत दलप्रति आलोचनात्मक दृष्टिकोण बलियो बन्दै गएको देखिन्छ।

यस सन्दर्भमा नेपाली कांग्रेसले 'परिवर्तित कांग्रेस'को सन्देशसहित विकास र सुशासनलाई प्राथमिकतामा राख्दै विश्वास पुनःस्थापना गने अभियान चलाएको छ। नेकपा (एमाले)ले भौतिक पूर्वाधार विस्तार र तीव्र विकासलाई प्रमुख नारा बनाएको छ भने नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले शिक्षा, स्वास्थ्य र भूमिहीन समस्या जस्ता मुद्दालाई नयाँ प्रस्तुतीकरणसहित अघि सारेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले भ्रष्टाचार नियन्त्रण र नयाँ राजनीतिक संस्कारको एजेन्डा अघि बढाएको छ भने जनता समाजवादी पार्टी, नेपालले गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य सेवामा जोड दिएको छ।

विगतका दुई निर्वाचनमा माओवादीलाई साथ दिएको नेपाली कांग्रेसले यसपटक जिल्लाको दुर्गम खयरमारा क्षेत्रका मुकेश काफ्लेलाई उम्मेदवार बनाएको छ। राजनीतिमा नयाँ अनुहारका रूपमा चिनिएका काफ्ले क्षेत्रकै पहिलो विद्यावारिधि हासिल गरेका उम्मेदवार पनि हुन्। जलविद्युत् क्षेत्रका विज्ञसमेत रहेका उहाँले कृषिको आधुनिकीकरण, सिँचाइ विस्तार, रोजगारी सिर्जना, चुरे संरक्षण, पर्यटन विकास र ग्रामीण अर्थतन्त्र सुदृढीकरणलाई आफ्नो मुख्य योजना बनाएका छन्।

एमालेले पुनः लक्ष्मी महतो कोइरीलाई अघि सारेको छ। २०७४ को निर्वाचनमा गिरीराजमणी पोखरेलसँग ४ हजार २८४ मतले पराजित भएका कोइरी २०७९ मा २३ हजारभन्दा बढी मत ल्याएर विजयी हुनुभएको थियो। मधेश आन्दोलनका क्रममा असई थमन विश्वकर्मा हत्या प्रकरणमा मुद्दा सामना गरेका उहाँ अदालतबाट सफाइ पाएपछि सक्रिय राजनीतिमा फर्किनुभएको थियो। छोटो कार्यकालमै गरेका कामको मूल्याङ्कन जनताले गर्ने विश्वास उहाँले व्यक्त गर्नुभएको छ।

माओवादी केन्द्रका उम्मेदवार गिरीराजमणी पोखरेलका लागि यो निर्वाचन प्रतिष्ठाको विषय बनेको छ। २०६४ देखि लगातार तीन पटक यस क्षेत्रबाट विजयी हुँदै आएका उहाँ २०७९ मा १ हजार ३० मतान्तरले पराजित हुनुभएको थियो। बर्दिबास मेडिकल कलेज स्थापना, रेल्वे इन्जिनियरिङ अध्ययन, आयुर्वेद अनुसन्धान केन्द्र र अव्यवस्थित जग्गा व्यवस्थापनजस्ता अधुरा योजनालाई पूरा गर्ने प्रतिबद्धता उहाँले दोहोऱ्याउनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोदकुमार महतो 'नयाँ राजनीतिक संस्कार' र भ्रष्टाचार नियन्त्रणको एजेन्डासहित चुनावी प्रतिस्पर्धामा छन्। २०७९ मा प्रदेशसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा २ हजार ४०५ मत प्राप्त गरेका उहाँले यसपटक रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेका छन्।

जनता समाजवादी पार्टी, नेपालका युवा उम्मेदवार योगनारायण महतो पहिलो पटक प्रतिनिधिसभा चुनावमा होमिएका छन्। शिक्षा र स्वास्थ्य सुधारलाई मुख्य आधार बनाउँदै उहाँले अवास्तविक आश्वासन नदिने प्रतिबद्धता जनाउनुभएको छ।






# मधेश प्रदेशका सम्भावना

● टक नेपाल

नेपालको मध्यपूर्वी तराईको पर्सादेखि पूर्वमा सप्तरीसम्मको आठ वटा जिल्लाको भौगोलिक क्षेत्र समेटर मधेश प्रदेश बनेको छ। यो क्षेत्रफलका हिसाबले नेपालकै सानो प्रदेश रहेको छ। कोशी प्रदेश, बागमती प्रदेश र भारतको सिमानासँग जोडिएको यो प्रदेश समतल भूभागले बनेको छ। यस प्रदेशको जनघनत्व भने अत्यधिक रहेको छ। यो प्रदेशमा मधेशी समुदायको बाहुल्यता छ।

उद्योग, कृषि, पर्यटन र भन्सार राजस्वका लागि यो प्रदेश महत्वपूर्ण मानिन्छ। कृषि, मत्स्यपालन, फलफूल, पशुपालन र उद्योग क्षेत्रमा यस प्रदेशलाई समृद्ध बनाउने प्रशस्त सम्भावना छ। शिक्षा, स्वास्थ्य, मानव विकास सूचकाङ्कमा धेरै पछाडि रहनुका साथै गरिबीको दर धेरै रहेको छ। अधिकार तथा पहिचानका लागि यो प्रदेशले धेरै पटक आन्दोलन पनि गरेको छ। जलविद्युत् आयोजना भने हालसम्म यहाँ बनेको छैन। वीरगन्ज, जनकपुर, लहान, जलेश्वर, मलङ्गवा, चन्द्रनिगाहपुर, गौर, राजविराज, बर्दीबास, जितपुर, निजगढ, मिचैया, गोलबजार यस प्रदेशका प्रमुख बजार हुन्।

भौगालिक क्षेत्रका हिसाबले सबैभन्दा सानो प्रदेश जसको क्षेत्रफल ९,६६१ वर्ग किलोमिटर रहेको छ। मधेश प्रदेशमा करिब ६१ लाखभन्दा बढी मानिसको बसोबास रहेको छ। यस प्रदेशमा महानगरपालिका एक, उपमहानगरपालिका तीन, नगरपालिका ७३, गाउँपालिका ५९ सहित १३६ स्थानीय तह र १,२७१ वटा वडा रहेका छन्। कृषिक्षेत्र ६,६५० वर्गकिलोमिटर अर्थात् ६८ प्रतिशत र वनक्षेत्र २,६०० वर्गकिलोमिटर अर्थात् २७ प्रतिशत रहेको छ। नेपालको समग्र सूचकाङ्क हेर्दा स्वास्थ्य, शिक्षा र प्रतिव्यक्ति आयको अवस्था यहाँ निकै कमजोर छ। यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी कृषिक्षेत्रको योगदान रहेको छ। यो ४२ प्रतिशतभन्दा बढी छ। मत्स्यपालनमा सबैभन्दा बढी योगदान पनि यही प्रदेशको रहेको छ। बारा मत्स्य उत्पादन हबका रूपमा परिचित छ। यस प्रदेशमा बस्ने व्यक्तिको आय ५८५ अमेरिकी डलर रहेको छ।

राजनीतिक नेतृत्वले आमनागरिकको सामाजिक न्याय र समतामूलक विकासको चाहना सुनिश्चित गर्न सकेको छैन। भ्रष्टाचार र अनियमित यो प्रदेशको सबैभन्दा ठुलो रोग बनेको छ। कुपोषण, बाल मृत्युदर न्यून साक्षरता, सरसफाइ तथा शुद्ध खानेपानीको अभाव नै विशेष गरेर मधेश प्रदेशको समस्याका रूपमा रहेको छ। छुवाछुत, बालविवाह, दाइजो प्रथा र महिला हिंसाले पनि यहाँ जरो गाडेको छ। यिनै कारणले यहाँ गरिबी निवारणका लागि चुनौती थपिदिएको छ। जानकी माता (सीता) को जन्मभूमि जनकपुर धार्मिक तथा पर्यटकीय दृष्टिकोणले प्रसिद्ध छ। राजा जनक, सलहेस, दिनाभद्री जस्ता वीर योद्धाको जन्मभूमि तथा कर्मभूमि यसै प्रदेशमा छ। छिन्नमस्ता भगवती, धनुषाधाम, जानकीमन्दिर, राममन्दिर, गढीमाई, जलेश्वरनाथ, कङ्कालिनी मन्दिर, पौराई ब्रह्मस्थान, नुनथर धार्मिक दृष्टिले आकर्षक पर्यटकीय स्थल हुन् भने अर्नाका लागि प्रसिद्ध क्षेत्र पर्सा वन्यजन्तु आरक्ष पनि यसै प्रदेशमा रहेको छ।

मधेश प्रदेशको सबैभन्दा ठुलो समस्या जातीय भेदभावलाई पनि लिन सकिन्छ। आजको २१ औँ शताब्दीमा पनि जातीय भेदभावले प्रश्रय पाउनु विडम्बना नै हो। दलित र गैरदलित बिचको भेदभावको खाडल ठुलो छ। भोजभतेर र कतिपय धार्मिक स्थल र सामाजिक कार्यमा यो देख्न सकिन्छ। जातीय भेदभाव आर्थिक तथा सामाजिक विकासको बाधक हो। कतिपय अवस्थामा दलित र गैरदलितबिच मात्र होइन, दलित दलित बिचमा पनि छुवाछुतको समस्या देखिन्छ। विशेष गरेर यस प्रदेशमा केही तल्लो जातिमा आर्थिक, सामाजिक र शैक्षिक अवस्था निकै नै कमजोर छ। उदाहरणका लागि मुसहर, डोम, चमार, सतारको आर्थिक र शैक्षिक अवस्थालाई लिन सकिन्छ। एक सर्वेक्षणले देखाए अनुसार उनीहरूको औसत आयु पनि कम छ। डोम जातिमा बाँसका सामग्री निर्माण गर्ने सिप भए पनि बढ्दो सहरीकरणका कारण उनीहरूको उत्पादनले बजार नपाएको अवस्था छ, जसले उनीहरूको आर्थिक अवस्थालाई झन् कमजोर बनाएको छ।

मधेश प्रदेशमा रोजगारी र अध्ययनका लागि विदेश जाने क्रम पनि बढेको छ, जसले समाजमा युवाको कमी भएको छ। युवा बिदेसिनु भनेको विकासका लागि मानव संसाधनको कमी हुनु हो। सानै उमेरमा विदेश जाने, बिचमै अध्ययन छाड्नाले शैक्षिकस्तर पनि कमजोर भएको देखिन्छ। यसले परिवारको आर्थिक उन्नति भने गराएको छ। सामाजिक र आर्थिक हिसाबले यो क्षेत्रको अवस्था दारुण भए पनि समथर भूभाग धेरै जनसङ्ख्या, प्रशस्त खेतीयोग्य जमिन, मत्स्यपालन र देशकै सबैभन्दा बढी राजस्व उठ्ने भन्सार नाका रहनु यस प्रदेशको विशेषता हो।

प्रशस्त खेतीयोग्य जमिन भएकाले उद्योगलाई चाहिने कच्चा पदार्थ यहाँ उत्पादन गर्न सकिन्छ। पशुपालन र माछापालनका लागि देशको केन्द्र नै बनाउन सकिन्छ। फलफूल उत्पादन पनि बढाउन सकिन्छ तर यी उत्पादन बढाउन युवालाई समयानुकूल प्रविधिको सिप तथा ज्ञान प्रदान गर्नु पर्छ। दक्ष जनशक्ति बढाउन सके यहाँको आर्थिक क्रियाकलाप बढ्छ। भारतसँगको खुला सीमानाका कारण यहाँ उत्पादित कृषि तथा अन्य वस्तु निकासी गर्न पनि सजिलो हुन्छ। उद्योगलाई चाहिने कच्चा पदार्थ कम लागतमै आयात गर्न सकिन्छ। नेपालकै सुक्खा बन्दरगाह वीरगन्जमा रहेकाले देशकै वैदेशिक व्यापार बढाउन पनि सहयोग पुग्छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा रहेको छ। काठमाडौँ निजगढ द्रुतमार्ग बनेपछि देशको राजधानी आवतजावत गर्न पनि अझ सजिलो हुन्छ। सस्तो कामदारको उपलब्धता, हुलाकी राजमार्ग, पूर्वपश्चिम राजमार्गले यो प्रदेशको सम्भावनलाई अझ बढाइदिएको छ।

परम्परागत कृषि प्रणाली, गुणस्तरीय स्वास्थ्यसेवामा कमी, गुणस्तरीय शिक्षा तथा प्राविधिक शिक्षाको अभाव, सरसफाइमा जनचेतनाको कमी, बेरोजगारी, रुढिवादी परम्परा, लैङ्गिक हिंसा, विकासनिर्माणको काममा ढिलासुस्ती तथा गुणस्तरहीन, भ्रष्टाचार तथा अनियमित, छुवाछुत र जातीय विभेद, महिलाको राजनीतिक, सामाजिक र आर्थिक पहुँचमा कमी यस प्रदेशका चुनौतीका रूपमा रहेका छन्। नेपालको मानव सूचकाङ्कले देखाएको शिक्षा, स्वास्थ्य, सरसफाइ र जलविद्युत्मा पछाडि परे पनि कृषि, मत्स्यपालन, उद्योग, कलकारखानाको निर्माणले यस प्रदेशलाई समृद्ध बनाउन सकिन्छ। सुशासनको कमीले विकास बजेट राम्ररी सदुपयोग हुन सकेको छैन। केन्द्र, प्रदेश र स्थानीय सरकारले परिवेश अनुसार सुशासन कायम गर्न सके र विकासनिर्माणको गतिलाई अगाडि बढाउन सके मधेश प्रदेशलाई विकसित प्रदेश बनाउन सकिन्छ।

# चलान पाएनन् उखु

अन्नपूर्ण चिनी उद्योगमा उखुको ट्र्याक्टर लिएर आएको दुई दिन भयो। चिनी मिलबाट चलान लिएर उखु तौल गर्न यादव उद्योगको उखु यार्डमा ट्र्याक्टर राखेर पालोमा बस्नुभएको छ।

यादवले धनकौल चिनी मिलबाट चलान पुर्जी पाउन चार दिनसम्म पालो कुर्नु परेको गुनासो गर्नुभयो। "मिलका जेटिएलाई फोन गरेर उखु लिएर आएको हो तर चलान कहिले पाउने भन्ने निश्चित नै छैन्," यादवले भन्नुभयो, "दुई दिन लाइनमा बसे, अब अझै दुई दिन जति लाइन बस्नु पर्छ होला।"

तीन बिघामा उखु खेती गर्नुभएका यादवले यस वर्ष चलान पुर्जी नपाएर प्रत्येक जसो किसान हैरान रहेका जानकारी दिनुभयो। बसबरिया गाउँपालिका-१, मानपुरका अशोककुमार यादवले एक साता पालोमा बसेपछि मङ्गलबार बल्ल चिनी मिलबाट चलान पुर्जी पाउनुभएको छ।

पहुँच भएकाले तत्कालै चलान पाएर उखु बिक्री गरिरहे पनि पहुँच नै नभएका किसानलाई चलान पुर्जी पाउन साह्रै समस्या रहेको यादवले गुनासो गर्नुभयो। "एक बिघामध्ये १० कट्ठाको उखु काटेको १५ दिन भयो, मङ्गलबार बल्ल चलान हात लागेको छ," यादवले भन्नुभयो, "चिनी मिलको तौल काँटामा ट्र्याक्टरको टेलरसहित उखु लगेर राखेकै आठ दिन भयो बल्लतल्ल चलान पाएँ, अब भने टेलर खाली हुन पायो।"

यसअघि किसानले आफूलाई अनुकूल हुने र खाली रहेको चिनी मिलमा लगेर उखु बिक्री गर्ने गरेका थिए। "मिलले सिस्टम र समय नमिलाउँदा उखु किसानलाई यस्तो आपत् आइलागेको हो," यादवले भन्नुभयो, "अघिल्ला वर्षमा यस क्षेत्रका किसानले सर्लाहीकै महालक्ष्मी चिनी मिल बगदह तथा रौतहटको डुमरिया र महोत्तरीको रामनगर चिनी मिलमा समेत लगेर उखु बेच्थे तर यस वर्ष मिलले राखेको नियमले झनै मार परेको छ।"

चिनी उद्योगले तालिका मिलाएर पालैपालो चलान दिने र त्यसपछि मात्र उखु कटान गर्न लाउँदा अहिलेको समस्या समाधान हुने किसानको भनाइ छ। बरहथवा नगरपालिका-११, दियरका उपेन्द्र यादवले आफूलाई अहिले चुनावभन्दा पनि उखु खेतीकै चिन्ता रहेको बताउनुभयो।

किसानलाई चिनी मिलसम्म उखु ल्याउनका लागि चलान नपाएर हैरान भए पनि कुनै नेताले समन्वय नगरिदिएको यादवको गुनासो छ। "हामीले गत वर्षको ३५ रुपियाँ सरकारी अनुदान अझै पाएका छैनौँ, यस वर्ष पनि अहिले उखु बेच्नकै लागि चलान नपाएर हैरानी छ," यादवले भन्नुभयो, "अहिले हामीलाई त चुनावभन्दा पनि मिलबाट कसरी चलान पाउने र काँटामा ल्याएर उखु तौलने भन्ने चिन्ता छ।"मुलुकभरमा सबैभन्दा बढी करिब १८ हजार हेक्टरमा उखु खेती हुने सर्लाहीमा अहिले इन्दुशङ्कर चिनी उद्योग हरिवन, महालक्ष्मी चिनी उद्योग बगदह र अन्नपूर्ण चिनी उद्योग धनकौल गरी तीन वटा चिनी मिल सञ्चालनमा छन्। यी तीन वटै उद्योगको उखु यार्ड र मिलले विभिन्न ठाउँमा राखेका तौल काँटामा चलानका लागि टायरगाढा, ट्र्याक्टर र ट्रकको लामो लाइन देखिन्छ।

इन्दुशङ्कर चिनी उद्योग हरिवनका उखु प्रबन्धक योगनारायण रजकले यस वर्ष उखु खेती विस्तार भएकाले चिनी मिलले एकै पटक सबै किसानलाई चलान बाँड्न नसकेको बताउनुभयो। "हामीले यहाँ मिलबाट चलान दिएपछि मात्र उखु काट्नुपर्ने हो तर चलान नै नपाई मिल र तौल काँटासम्म उखु ल्याउनु किसानको पनि गल्ती हो," उखु प्रबन्धक रजकले भन्नुभयो, "हामीले त उद्योगले उखु पेल्न धान्ने जति चलान मात्र दिएका छौँ।"

इन्दुशङ्करले सञ्चालन भएको ५७ दिनमा १८ लाख उखु पेलिसके पनि उखु काट्न बाँकी किसानलाई अझै पनि चलान बाँड्न नै मुस्किल परिरहेको उखु प्रबन्धक रजकले बताउनुभयो। उखु खेती बढेकाले किसानले भनेकै समयमा चलान दिन भने नसकिएको रजकले स्वीकार गर्नुभएको छ। अब सुक्खायाम सुरु भइसकेकाले तत्काल उखु नकाटे तौल घट्दै जाने किसानको भनाइ छ। किसानका अनुसार उखुको चलान वितरणमा मिलका जेटिए र केही बिचौलिया मिलेर चलखेलसमेत गर्ने गरेका छन्।पहुँच भएकालाई उखु काट्नेबित्तिकै र केही व्यक्तिसँग पैसासमेत लिएर चलान वितरण गर्ने गरिएको उखु किसानले आरोप लगाएका छन्।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# 'निर्वाचन स्वच्छ बनाउन पत्रकार र मिडियाले आचारसंहिता पालना गर्नुपर्छ'

टक नेपाल

स्वच्छ, निष्पक्ष, भयरहित निर्वाचन सम्पन्न गर्न पत्रकार र सञ्चारगृहले निर्वाचन आचारसंहिताका साथै पत्रकार आचारसंहिताको पालना गर्नुपर्नेमा एक कार्यक्रमका वक्ताहरुले जोड दिनुभएको छ।

अमुक उम्मेदवार वा अमुक दलको प्रचारप्रसारमा कुनैपनि मिडिया र पत्रकार लाग्न नहुने भन्दै वक्ताहरुले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सबैले आचारसंहिता पालना गर्नुपर्नेमा जोड दिनुभएको हो।

राष्ट्रिय समाचार समिति (रासस) को ६५औँ वार्षिकोत्सवको अवसरमा राजविराजमा बुधबार आयोजित 'निर्वाचन आचारसंहितामा सञ्चार' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले मतदाता शिक्षासँग सम्बन्धित विषयवस्तु मिडियामार्फत प्रवाह गरी मतदातालाई मनपरेको उम्मेदवार छनोट गर्न सहज बनाउने भूमिका सञ्चार माध्यमले निर्वाह गर्नुपर्ने बताउनुभयो।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र सफलपुर्वक सम्पन्न गराउने दायित्व सबैको भएकोले उम्मेदवार देखि पत्रकारसम्म सबैले स्वनियमनको सिद्धान्त अपनाएर आचारसंहिता पालना गर्नुपनेमा उहाँले जोड दिनुभयो।

अन्तरक्रियामा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले केही पत्रकार तथा सञ्चार माध्यमहरु निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिता विपरीत चुनावी प्रचारमा संलग्न भएकोले यस्तो कार्यबाट निष्पक्षता माथि प्रश्न उठ्ने हुँदा जिम्मेवार भएर पत्रकारिता गर्न संञ्चारकर्मीहरुसंग आग्रह गर्नुभयो।

रासस राजविराज सप्तरीका प्रमुख शम्भुप्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्ष बिष्णुकुमार मंडल, बैद्यनाथ झा, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, प्रेस मञ्च नेपाल सप्तरीका अध्यक्ष धर्मपाल राउत सहितका वक्ताहरुले पत्रकार र सञ्चारमाध्यमले निष्पक्षता कायम राख्दै तथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुलचन्द्र न्योपाने, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक रोशन बुढाथोकी सहित सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।




# मैथिली भाषा र साहित्यको विकासका लागि अगामी दिनमा थप लगानी आवश्यक: मुख्यमन्त्री यादव

टक नेपाल



विष्णुपुर गाउँपालिका-६, गोरगामाका मुसहर समुदायले रक्सी बिक्री बन्द गर्ने प्रतिबद्धता जनाउने उम्मेदवारलाई मतदान गर्ने बताएका छन्। मुसहर समुदायमा अत्यधिक मदिरा सेवनका कारण सामाजिक र आर्थिक समस्या बढ्दै गएको भन्दै रक्सी बिक्री-वितरणमा रोक लगाउने उम्मेदवारलाई मत दिने निर्णय गरिएको स्थानीय ५० वर्षीया कुमीदेवी सदाले बताउनुभयो।


"मुसहर समुदायको विकासमा सबैभन्दा ठुलो बाधक रक्सी बनेको छ," उहाँले भन्नुभयो, "दिनभरि मजदूरी गरेर कमाएको पैसा बेलुकी रक्सीमै सकिने प्रवृत्तिका कारण जीवनस्तर उकास्न सकेका छैनौँ। त्यसैले रक्सीमा रोक लगाउने उम्मेदवारलाई मतदान गर्ने योजना बनाएका छौँ।"

स्थानीयका अनुसार बस्ती नजिकै एक दर्जनभन्दा बढी रक्सी पसल सञ्चालनमा छन्। ६४ वर्षीया आशोदेवी सदाले पसल बन्द नभएसम्म समस्या समाधान नहुने बताउनुभयो। "घरका पुरुषहरूलाई रोक्न खोज्दा पनि विभिन्न बाटोबाट रक्सी किनेर ल्याउँछन्," उहाँले भन्नुभयो।

उहाँका अनुसार विगत पाँच दशकमा धेरै चुनाव भए, नेताहरू फेरिए, आश्वासन र प्रतिबद्धता पनि धेरै आए, तर मुसहर समुदायको अवस्था भने फेरिन सकेको छैन। "रक्सी बिक्री-वितरण बन्द गरी हाम्रो अवस्था परिवर्तन गर्ने उम्मेदवारलाई नै मत दिन्छौँ," उहाँले स्पष्ट पार्नुभयो। घरका अभिभावकले दिनहुँ कमाएको रकम रक्सीमै खर्च गर्दा काममा नजाने दिन परिवार भोकै बस्नुपर्ने अवस्था आउने गरेको स्थानीयको भनाइ छ। छोराछोरीको शिक्षामा खर्च गर्न नसकिएको र नयाँ पुस्तामा समेत रक्सी सेवनको प्रवृत्ति बढ्दै गएको उनीहरूले बताएका छन्।

यस वडामा करिब दुई सय घरधुरी रहेको र रक्सीका कारण प्रत्येक वर्ष दुईदेखि चार जनासम्मको मृत्यु हुने गरेको वडाका पूर्व अध्यक्ष बहादुर सदाले जानकारी दिनुभयो। नेपाल सरकारले रक्सी बिक्री-वितरण नियन्त्रण गर्न नसके मुसहर समुदायको समस्या समाधान नहुने उहाँको भनाइ छ।




# चलान पाएनन् उखु किसानले



टक नेपाल

सर्लाहीको बरहथवा नगरपालिका-१३, बसबरियागाउँका महमजान मियाँले १० कट्ठाको उखु काटेर राखेको १२ दिन भयो तर चिनी मिलसम्म उखु ल्याउन चलान पाउनुभएको छैन। चिनी मिलले उद्योगमा उखु ल्याउनुअघि किसानलाई चलान पुर्जी (उखु ल्याउने अनुमतिपत्र) दिनुपर्ने हुन्छ। खेतमा काटेर थुपारेको उखु सुक्न लाग्दासमेत चिनी मिलले चलान दिन अझै पनि आनाकानी गरिरहेको मियाँले गुनासो गर्नुभयो।

इन्दुशङ्कर चिनी उद्योग हरिवनले गाउँनजिकै लालदियरमा राखेको उखु तौल काँटामा चलान पुर्जीका लागि जाँदा मिलका जेटिएले बेवास्ता गरेका मियाँको दुःखेसो छ। "उखु काटेर राखेको १२ दिन भइसक्यो तर मिलका जेटिए कहाँ जाँदा चलान नै छैन भनिरहेका छन्," उहाँले दुःखेसो पोख्दै भन्नुभयो, "काटेको उखु सुक्न नपाओस् भनेर खेतमै पत्करले छोपेर राखेको छु।"

चिनी मिलले आफ्नो जिल्लाको मात्र उखु खरिद गर्ने र त्यसमा पनि जिल्लाभित्रका चिनी मिलले आआफ्नो क्षेत्रको उखु उठाउने भन्ने निर्णय गरेपछि किसानलाई चलान लिनका लागि असाध्यै गाह्रो परेको छ। मिलमा आएर उखु थुप्रिएपछि चिनी मिलले थोरै थोरै मात्रामा चलान दिँदा किसानले धमाधम काटिरहेको उखु खेतमै सुक्न थालेको हो।

रामनगर गाउँपालिका-२, खैर्बा इनर्बाका रामप्रवेश यादवले धनकौलस्थित

बाकी पष्ठ ३....

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014